आज मिति २०८१ साल बैशाख १० गते सोमबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८०/०८१ को १९ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u> :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सचिव-

<u>आमन्त्रित</u> :

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. स्थायी पद दर्ता र सेवा सुविधा सम्बन्धमा ।
३. स्थायी कार्यालय दर्ता सम्बन्धमा ।
४. जग्गा खरिद सम्बन्धमा ।
५. रकमान्तर सम्बन्धमा ।
६. योजना संशोधन सम्बन्धमा ।
७. राजाजी थानको रकम भुक्तानी सम्बन्धमा ।
८. आयोजना निर्माण कार्य स्थगीत गर्ने सम्बन्धमा ।
९. जग्गा छनौट तथा सिफारिस समिति गठन सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८०/१२/२१ गते बसेको आ.व. २०८०/०८१ को १८ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाको स्थायी पद दर्ताको लागि प्रदेश किताबखाना पद दर्ता फारम भरी पठाउने तथा सभाबाट स्वीकृत स्थायी पद तथा दरबन्दी अनुसारको कर्मचारीहरुको, स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन) ऐन २०८० को दफा ५७ (७) मा भएको व्यवस्था कार्यान्वयन नभए सम्म सोही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीले पाउने सेवा सुविधा पालिकाबाट नै भुक्तानी गर्ने सर्वसम्मत प्रतिबद्धता तथा निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय सम्बन्धी विवरण अनुसूची (२) अनुसार भरी स्थायी कार्यालय दर्ताका लागि प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर पठाउने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.२ स्थित मुसहरी टोलमा सडक छेउमा बसोबास गर्ने सुकुम्बासीहरु बाटो विस्तार गर्ने कार्यको लागि जिल्ला अदालत सुनसरीको फैसलाबाट सडक खालि गराउने निर्णय भएको हुँदा सो स्थानका सुकुम्बासी परिवारलाई व्यवस्थापन गर्न तपसिल बमोजिमको जग्गा खोजीकार्यको लागि ७ दिने सार्वजनिक सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**आवश्यक जग्गाको अवस्था**

- क्षेत्र देवानगञ्ज गा.पा. भित्र
- क्षेत्रफल : ७ देखि १० कट्ठा भित्र
- पूर्वाधार : कालोपत्रे वा ग्रावेल सडकले छोएको जग्गा तथा सो जग्गामा विजुलीको लाईन विस्तार भएको ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिल बमोजिम बजेट रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | रकमान्तर हुने शिर्षक | रकम | रकमान्तर भएको शिर्षक |
|---|---|---|---|
| १ | पारिश्रमिक (कर्मचारी) | २० लाख | इन्धन (कार्यालय प्रयोजन) |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.१ को वडा समितिबाट निर्णय भई आएका आ.व. २०८०/०८१ को बजेटमा उल्लेखित तपसिल बमोजिमका आयोजना नै संशोधन गरि कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | साविक योजना | संशोधित योजना |
|---|---|---|
| १ | सि.नं.११ को कृषि भ्रमण कार्यक्रम रु.२,७५,०००/- | वडा कार्यालयको कम्पाउन्ड भित्र, बाहिर माटो पुर्ने, बाउण्ड्रीवाल माथि ग्रील, वाइरिङ्ग गर्ने कार्य र वडा कार्यलयमा डिजिटल बोर्ड जडान गर्ने कार्य रु.१०,००,०००/- |
| २ | सि.नं.२१ ढेना संखको राजाजी मन्दिरको धर्मशालामा झ्याल ढोका निर्माण कार्य रु. १,५०,०००/- | |
| ३ | सि.नं.२२ को धोवी टोलमा मस्जिद व्यवस्थापन कार्य रु.१,५०,०००/- | |
| ४ | सि.नं.२९ को साविक मध्यहर्षाही-१ मा रामजानकी मन्दिरमा माटो पुर्ने कार्य रु.१,००,०००/- | |
| ५ | सि.नं.१५ को शिक्षा तथा खेलकुद कार्यक्रमको रु.१,००,०००/- मध्ये रु.७५,०००/- | |
| ६ | सि.नं.२८ को सत्तन मेहताको घर निर १०० KVA ट्रान्सफरमर जडान कार्य रु.७,००,०००/- मध्ये रु.२,५०,०००/- | |
| ७ | सि.नं.३० को साविक मध्यहर्षाही १ शंकरपुर शाखा नहर देवशंकर मेहताको जग्गा निर सिंचाइको लागि होम पाईप र कल्भट निर्माण रु.२,००,०००/- | अस्थायी प्रहरी चौकी मध्यहर्षाहीको कम्पाउन्डमा विश्राण गृह निर्माण रु.२,००,०००/- |
| ८ | सि.नं.२५ को लवटोलीया सनि मन्दिरमा शौचालय निर्माण रु.५०,०००/- | विपन्न गरिव असाहयहरुलाई आर्थिक सहयोग रु.५०,०००/- |
| ९ | सि.नं.१५ को शिक्षा तथा खेलकुद कार्यक्रमको रु.१,००,०००/- मध्ये रु.२५,०००/- | सारदा आ.वि.साविक मध्यहर्षाही-१, मा फर्निचर मर्मत गर्ने रु.२५,०००/- |

| | | |
|---|---|---|
| १० | सि.नं.२८ को सत्तन मेहताको घर निर १०० KVA ट्रान्सफरमर जडान कार्य रु.७,००,०००/- मध्ये रु.४,५०,०००/- | सुशिल मेहताको घर देखि पश्चिम हरिप्रसाद मेहताको घर सम्मको बाटोमा माटो पुरी ग्राभेल गर्ने रु.४,५०,०००/- |

७. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.७ मा रहेको राजाजी मन्दिर निर्माण कार्य गत आ.व. २०७९/०८० मा निर्माण भई भुक्तानी हुन बाँकी रहेकोले उक्त राजाजी मन्दिर निर्माण कार्यको भुक्तानी समपुरक कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व.२०८०/०८१ मा गाउँसभाबाट विनियोजन भएका आयोजनाहरु मध्ये वडा सिलिङ तथा गाउँपालिका अन्तर्गतका आयोजना मध्ये सम्झौता हुन बाँकी आयोजनाहरुलाई तपसिल बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

क) वडा सिलिङ तर्फका आयोजनाहरु मध्ये कुल विनियोजन बजेटको ५० प्रतिशत आयोजना मात्र सम्झौता गरी संचालन गर्ने ।

ख) गा.पा. अन्तर्गतका आयोजनाहरु सम्झौता हुन बाँकी सम्पूर्ण आयोजनालाई हाललाई स्थगीत गर्ने ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा वडा नं.२ मुसहरी टोलमा सुकुम्वासी व्यवस्थापनका लागि जग्गा एकिन गरि सिफारिस गर्नको लागि तपसिल बमोजिमको सिफारिस समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

क) संयोजक : श्री जग नारायण मेहता, २ नं. वडा अध्यक्ष

ख) सदस्य : श्री अनिल कुमार भगत, ३ नं. वडा अध्यक्ष

ग) सदस्य सचिव : श्री मचिन्द्र कुमार थलङ (लिम्बु), प्रशासन अधिकृत